# उ फेरी च्याटमा आएन

गान्धि राज भट्टराई

साझा डट् कमको च्याटरुम विदेश वा स्वदेशमा बस्ने नेपालीहरुमा निकै भिजीसकेको थियो । च्याटरुममा नगई पनि नसक्ने अनि नेपालन्यूज डट् कमको च्याटरुममा अल्लारे केटाकेटीहरुले जथाभावी लेखे भनी गुनासो गर्नेहरुका लागि साझाको च्याटरुम आश्रयस्थलो भएको थियो । केटाकेटीका माउ भैसकेका अधवैंशे प्रोफेसनलहरु, गधा पचिसे नाघेका ग्राजुएट स्टुडेण्टहरु अनि आफुलाई पाको ठान्ने अण्डरग्राजुएटहरुले भरिभराउ हुन्थ्यो यो च्याटरुम । मानिसहरु प्रायः उनै हुन्थे तर छद्मनाम (निकनेम) हरु घण्टा घण्टामा फेरिने गर्थे । त्यसैले पनि एउटै साथीसंग एकछिन अघि गरेका गफ एकछिन पछि अर्कै मोडमा पुगिसकेको हुन्थ्यो ।

गुणराजले साझाको च्याटरुममा गफ गर्न थालेको झण्डै दुई वर्ष भइसकेको थियो । साझामा आउने जाने सबैसंग हाइ हेलो गर्दैमा आधा घण्टा लाग्थ्यो । लापाक्स, राधा, नियो, बेला, मेडल, पुन्टे, मकामंगा, डुकुलण्ठक, सुनाखरी सबै पुराना भइसकेका थिए । पुराना साथीहरु प्रायः गुणराजको वास्तविकतासंग परिचित थिए । त्यसैले गुणराज र उनीहरुको बीचमा परिवार, पढाइ यस्तै बारेमा कुरा भइरहन्थ्यो । केही नयां पनि थिए जो गुणराजको साझासंगको आत्मियतालाई त्यति बुझ्दैनथे । द रक, मेमोरेक्स आदि शुरुमा 'गुणराज'लाई 'गुण्डाराज' भनी जिस्काउने गर्दथे । गुणराज साझाको मोडरेटर भएदेखि भने टम एण्ड जेरीको खेल भएको थियो मेमोरेक्स र गुणराजको । एउटा गुण्डाराज भन्न नछोड्ने, अर्कोले त्यो देख्ने वित्तिकै किकआउट गर्ने ।

त्यो दिन पनि गुणराज घरमै बसेर मकामंगासंग पर्सन टु पर्सन च्याट गरिरहेको थियो । गुणराजले झसंग भएर हातको घडी हे-यो । सांढे पांच बजिसकेको थियो । ढोकामा सांचो छिराएको आवाज सुन्ने गरी कान ठाडो पार्दै गुणराज पुनः साझा डट कमको च्याटरुमतिर लाग्यो । गुणराजको पहिले देखि नै कम्प्युटरमा झुण्डिने बानीले गर्दा च्याटरुमतिर पनि नशा लागेको थियो । अलिकति फुर्सद हुनासाथ श्रीमतीको आंखा छलेर च्याटमै छिर्ने गर्दथ्यो । गुणराजको श्रीमती उमालाई भने गुणराज च्याटमा बसेको पटक्कै मन नपर्ने । अफिसबाट चाहीं च्याट गर्दा प्रोफेसर आइपुग्ला भन्ने डरले प्रायः पांच बजेपछि मात्र च्याटरुममा छिर्ने गर्दथ्यो ।

गुणराज विवाहित ग्राजुएट स्टुडेण्ट थियो । अमेरिकन भिसा वर्गीकरणमा जे-१ भिसा भएकोले श्रीमती उमालाई पनि वर्क पर्मिट मिलेको थियो । त्यसैले श्रीमती शहरमा काम गर्थिन्, आफु युनिभर्सिटी जाने आउने काममात्र थियो । ग्राजुएट रिसर्च असिस्टेण्ट भएकोले कहिले सप्ताहान्तमा समेत रातभरी काम गरेर सिध्याउनु पर्थ्यो भने कहिले दुई दिन अफिस नगए पनि कसैले चेक गर्ने गर्दैनथ्यो ।

यतिखेर एउटा टर्म पेपर सिध्याउनुछ भनेर गुणराज घरमै बसेको थियो । जति धेरै काम भए पनि च्याटरुममा नगइ बस्न सकेको थिएन । कति खेर श्रीमती आइपुग्ली र बम बिस्फोट होला भनेर सतर्क हुंदै थियो । हुन त श्रीमतीहरु विहे गरेको पहिलो साल 'चन्द्रमुखी' (असाध्यै शीतल अनि सुन्दरी), दोश्रो साल 'सुर्यमुखी' (लाग्ने जता गयो उतै चियोचर्चा गर्ने) अनि तेश्रो साल देखि 'ज्वालामुखी' (एउटा गल्ती भेटाए विस्फोट हुने) हुन्छन् भन्छन् । तर गुणराजको यही च्याट गर्ने बानीले श्रीमतीलाई विहे गरेको दोश्रो वर्षमै ज्वालामुखी बनाएको थियो । च्याट गरेको श्रीमतीलाई पटक्कै मन पर्दैन भन्ने पनि गुणराजलाई थाहा थियो । च्याटमा बसेको भेटे त्यो रात घरमा खाना पाक्दैन भन्ने पनि निश्चित नै थियो । तर पनि जति छोड्छु भन्दा भन्दै पनि च्याटले नै गुणराजलाई छोडेको थिएन ।

ठीक पौने छ बजे श्रीमतीले ढोकामा सांचो छिराएको सुनियो । यता मकामंगासंग कुरा चलिरहेको थियो । हतार हतार बी.आर.बी. लेखेर वर्डप्रोसेसिङ्गको विण्डो स्क्रीनमा ल्याएर टर्म पेपरमा बीजी भएको भान पा-यो । श्रीमती बेडरुममा छिर्दा गुणराजले ठूलो रिसर्चरको मुकुण्डो लगाइसकेको थियो ।

"सकियो टर्म पेपर ? आहा, संधै यसरी नै पढे त हजुरको फोर मा फोर जी.पी.ए. त कतै नजा" श्रीमान् मेहनत साथ कम्प्युटरमा काम गरेको देखेर श्रीमती उमाको दिनभरीको थकाइ पनि हरायो । त्यति नै बेला कम्प्युटरको स्टाटसबार मिलिक मिलिक गर्न थाल्यो । उमाका आंखा त्यतै सोभिए ।

“यो के? आज पनि दिनभरी च्याट गरिबसेको ? आफुचाहिं दिनभरी खैरेको स्टोर कुर्दा कुर्दा ढाड दुखाएर लोग्नेलाई पढ्न छोड्यो, लोग्नेचाहिं सधैं च्याटमा कुन कान्छीसंग गफ गरेर बस्ने । ल्याउनु नि त्यही कान्छी, बस्नु त्यसैसंग ।”

उमाको दिमागको पारो एकैचोटी एक सय आठ डिग्रीमा उम्लियो । गुणराजलाई आपद प-यो । श्रीमतीलाई अचेल साझा देख्ने वित्तिकै एलर्जी हुन्छ । होइन भनेर ढांटौं भने पनि स्टाटसबारमा मिनिमाइज गरेको विण्डोमा साझा देखिइरहेकोछ । अब कुनै जस्टिफिकेशन दिनुको औचित्य थिएन । विस्तारै उठेर उमाको छेउमा गएर बस्यो ।

“नछुनु मलाई । जानु नि त्यही साझाका कान्छीहरुसंग । आफ्नो श्रीमतीसंग बोल्न चाहीं पैसा पर्ला जस्तो, ढुंगा बोलोस् मुढा बोलोस् तै आफ्नो लोग्ने बोल्ने हैन । जतिखेर पनि पढ्न पाइन भन्ने, अनि च्याटमा गएर बस्दा चाहिं पढ्न परेन । त्यही च्याटमा बस्ने समय आफ्नो पढाइमा लगाए कति हुन्थ्यो? भोलिदेखि च्याटमा गएको देखम् त, कम्प्युटर सम्प्युटर फुटाएर फाल्दिन्छु ।”

उमाको अझै रीस मरेको थिएन । अनेक विंगा लगाएर गुणराजले त्यो दिनको रिस थामथुम पार्‍यो । आफैंले दिउसो च्याट गर्दा टर्म पेपर लेख्न सकिएकै थिएन । त्यो रात खाना पकाउने, भांडा माझ्ने समेत कामको जिम्मा लियो अनि अब साझा च्याटरुममा कहिले छिर्दिन भनेर कसम पनि खायो । यति गरिसकेर रातभरी बसेर टर्म पेपर सकेर भोलिपल्ट विहान टाइममै प्रोफेसरलाई बुझायो ।

-o-

साझा च्याटमा नछिर्ने कसम खाएको पांचै दिनमा फेरी तलतल लाग्यो गुणराजलाई । जति रोक्दा रोक्दै पनि आफुलाई थाम्न सकेन अनि लाग्यो पांचबजेपछि साझा च्याटरुमतिर । नयां उपनाम राखौं भने साथीहरुले चिन्दैनन् भनेर पुरानै उपनाम लिएर पस्यो । सवा पांच बजे च्याटमा पसेको पौने छ बजेतिर च्याटको चरम विन्दुमा थियो । धेरै दिन पछि भेट भएका साथीहरु बन्द गरेर जान मन लागेन ।

“उमा, आज मलाई प्रोफेसरले अलिक काम दिएको छ, म अलि ढिलो आउंछु है ।” छ बज्ने बेलामा श्रीमतीलाई फोन गर्‍यो र फेरी प्रोफेसरले काम दिएको आड लिएर च्याटरुममा कुरा गर्न थाल्यो ।

उमालाई श्रीमान्को कुरा पत्याउं कि नपत्याउं जस्तो भयो । अगुल्टाले हानेको कुकुर बिजुली चम्किंदा तर्सिन्छ भने झैं कतै फेरि च्याटमा पसेको त हैन भन्ने शंका पनि लाग्यो । गुणराजले श्रीमतीलाई माया नगर्ने पनि होइन, अघोरै माया गर्थ्यो । श्रीमतीकै लागि भनेर जांड रक्सी पनि छोड्यो । अलिकति श्रीमतीलाई ज्वरो आउंदा कलेज नगएर दिनभरी गफ गरेर पनि बस्थ्यो । तर यो च्याटमा जाने कुरामा भने कहिल्यै विश्वास गर्न सकिएन ।

उमा आफैं साझा च्याटरुमतिर लागिन् । श्रीमान्को पटक पटकको चोरी पक्डिंदा कसरी च्याट रुममा जानु पर्छ कसरी कुरा गर्नु पर्छ भन्ने थाहा भैसकेको थियो । श्रीमान्को च्याट गर्ने उपनाम पनि थाहा थियो । नक्कली नाम राखेर च्याटरुममा पसेपछि यकिन भयो गुणराज कसम तोडेर च्याटमा पसिसकेको रहेछ ।

-o-

आज पनि गुणराज अफिसबाटै च्याटरुममा पस्यो । “साथी साथी भेट भए, घ्याम्पाजत्रा पेट भए ।” केटाकेटीमा गाएको गीत सम्झदै साथीहरुसंग गफ गर्‍यो । सांढे पांच बजेतिर घरमा फोन गरेर भ्वाइस मेलबक्समा ढीलो आउने सन्देश छोड्यो उमाको लागि ।

पौने छ बजेतिर उमाको फोन आयो । “हेर न आज पनि थुप्रै डाटा खोज्न भनेको छ प्रोफेसरले । यो हप्तै भरि बीजी होला जस्तो छ ।” सोझी श्रीमतीलाई विंगा लगायो र पुनः च्याट तिरै पस्यो ।

-o-

“ए.एस.एल. प्लिज ।”

छ बज्ने बेला कतैबाट पर्सन टु पर्सन च्याटको अफर आयो । साँझमा कसैले पनि ए.एस.एल. सोध्ने गर्दैनथे, पहिलो वा दोश्रो चोटी आउनेहरुले बाहेक । गुणराजलाई एकमन त लाग्यो सही कुरा बताई दिउं । गफ गर्नलाई पुराना साथीहरु आज आएका थिएनन् । त्यसैले एकछिन अलि बढी गफ गर्ने मनसायले उसले टालटुल जवाफ दिएर कुराको सिलसिला बढायो ।

आज च्याट रुममा एज, सेक्स र लोकेशन सोध्ने केटी सारै रमाइली लाग्यो गुणराजलाई । नाम रश्मी, उमेर पच्चीस अनि अविवाहित रे । कहिले झुठो नबोल्ने गुनराजले भने आज झुठ बोलेको थियो नाम गुनराज, उमेर अठ्ठाइस् अनि अविवाहित भनेर । रश्मी केवल उसकै लागि भनेर आएको जस्तो लाग्यो गुणराजलाई । कतिले बाहिर च्याटमा बोलाए पनि गुणराजसंग पर्सन टु पर्सन कुरा मात्र गरि राखिन् । गुणराजले रश्मीसंगको कुराकानी भुल्न सकेन । श्रीमतीलाई ज्यान भन्दा बढी माया गर्ने गुणराज रश्मीसंग भोली यतिखेरै भेट्ने कुरा गरेर घरतिर लाग्यो ।

च्याटमा आएको पांचै दिनमा रश्मी निकै फरासिली लाग्यो गुणराजलाई । रश्मीको कुरा गराइ गुणराजलाई आफुतिर आकर्सित हुन हौस्याउने खालको हुन्थ्यो । कुराकानीको सिलसिलामा थाहा भयो दुवैजना एउटै शहरमा रहेछन् ।

“हजुरसंग एकचोटी भेट्न मन लाग्यो । भेटौं है?” रश्मीको प्रस्ताव आयो एकदिन ।

गुणाराज अलमल पर्‍यो । यति छिटै यसरी भेटघाट गर्ने, नजिकिने कुरा होला भन्ने सोचेको थिएन । उमाको ज्वालामुखी अनुहार सम्झ्यो । तर रश्मीले पटक पटक अनुरोध गरेकाले शहरको एउटा सुसीबारमा तीन दिन पछाडी बेलुकी सात बजे भेट्ने सहमती भयो ।

साह्रै गाह्रो पर्‍यो गुणराजलाई उमासंग कुरा बनाउन । बाहिर जांदा कहिले पनि छुट्टाछुट्टै गएका थिएनन् । एउटालाई समय मिलेन भने अर्कोलाई आएको निम्तो पनि क्यान्सिल गर्ने गर्दथे । अब अहिलेको कुरा कसरी बताउने ?

“हेर न, धेरै दिन भयो हामीले काम गरेको । आज बाहिर जाउं भनेको छ प्रोफेसरले । तिमीलाई लान मिलेन । म प्रोफेसरसंग गएर आउंछु । ढीलो भयो भने माइण्ड नगर है ।” रश्मीसंग भेट गर्ने भनेको दिनमा उमा घर आउने समयमा फोन गर्‍यो गुणराजले । पुनः प्रोफेसरको असल नामलाई माटोमुनी दबाएर गुणराज शहरको एउटै जापानी सुसीबार तिर लाग्यो ।

पौने सात बजे नै पुगेर दूई सीटको टेबल बुक गरेर गुणराज रश्मीलाई पर्खी बस्यो । सात बज्यो, सवा सात बज्यो तर वर्णन गरेजस्तो नेपाली केटी कोही आएन बारमा । कतै बाहिर पो आएर बसेकी छन् भनेर बाहिर आएर हेर्न थाल्यो । तर अहं रश्मीको कतै अत्तोपत्तो थिएन ।

ए, यो के ? गुणराजको मुटु एक्कासी ढुकढुक गर्न थाल्यो । सुसीबार छेउको फुडवर्ल्डतिरबाट उमा पो यतातिर आउंदै गरेकी छन् त । लुक्ने प्रयास गर्दागर्दै एक अर्काको देखादेख भइहाल्यो ।

“खै तपाईंको प्रोफेसर, यतिबेलासम्म पनि आएको छैन?” सांढे सात हुन लागिसकेको थियो । खाउंला जस्तो आंखा गरेर उमाले गुणराजलाई सोधिन् ।

“अंह, खै किन हो कुन्नि ? सात बजे भेट्ने है भनेको थियो, अहिलेसम्म आएन ।” कागती निचोरे जस्तो अनुहार बनाएर बोल्यो गुणराज ।

“खै मलाई त शंकै लाग्यो । अमेरिकन प्रोफेसरहरुले यसरी आउने भनेको समयभन्दा आधाघण्टा बढी त कहिले पनि लगाउंदैनन् । जाउं हिंड्नुस् घरतिर ।” उमाले ठाडो अडर गरिन् ।

गुणराज अप्ठेरोमा पर्‍यो । भित्र टेबल बुक गरेर बसेको थियो । ढुक ढुक गरेको मुटुलाई थाम्दै बोल्यो - “आउ बरु हामी नै खाएर जाउं ।”

गुणराज भित्र भित्रै निसासियो । आखिर रश्मीसंग भेट भएन, श्रीमतीको आंखामा पनि चोर ठहरियो । धेरै कुरा नगरीकन खानपीन गरेर आफ्नो आफ्नो कारमा घरतिर लागे ।

-o-

किन आइन त रश्मी आज? कस्तो धोकेबाज केटी रहिछ । एकातिर रश्मीले धोका दिएको चोट, अर्कोतिर आज घर गएर श्रीमती कति विस्फोट हुने हो भन्ने पीर । गुणराज एकतमासको मन लिएर घर पुग्यो । उमा गाडी पार्क गर्दै रहिछन् । गाडी पार्क गरेर गुणराज पनि उमाको पछि पछि निहुरिमुन्टी लाएर घरभित्र पस्यो ।

घरभित्र पस्ने वित्तिकै म नुहाउन जान्छु भनेर उमा बाथरुमतिर लागिन् । गुणराज लुगा फेर्न बेडरुमतिर लाग्यो । लुगा खोल्ने बेलामा कम्प्युटर खुलै देखेर फेरी मन थाम्न सकेन । मनको गुम्स्याहट पोख्न श्रीमती नुहाइन्जेल चोरेर साझामा छिर्ने विचार गर्‍यो । कम्प्युटरमा दुईटा विण्डो मिनिमाइज गरि राखेको रहेछ । के रहेछ भनेर एकै सेकेण्डमा दुईटै विण्डो म्याक्सिमाइज गर्‍यो ।

हे भगवान् ।

गुणराजको टाउकोमा एक्कासी दुइ सय चालिस भोल्टको करेन्ट लाग्यो । एउटा विण्डोमा साझा च्याटरुम चलिरहेको थियो, च्याट गर्नेको नाम रश्मी । उत्तिखेरै अर्को विण्डो हेर्‍यो । माइक्रोसफ्ट वर्डमा बहत्तर प्वाइन्टको रातो अक्षरमा लेखेको थियो “धोकेबाज”

ढोका छेउमा कतिखेर देखि उमा उभिइरहेकी रहिछन् । गुणराज केही बोल्न सकेन । त्यो दिन गुणराज र उमाले कसरी रात बिताए त्यो त थाहा भएन । त्यो घटनापछि साझा च्याटरुममा गुणराज कहिले देखिएन ।

*अवर्न विश्वविद्यालय, अलाबामा*
*जनवरी १२, २००३*

प्रथम प्रकाशित:
सुस्केरा डट कम, अप्रिल २००३
http://www.suskera.com